# सूचना !　　　　सूचना !!　　　　सूचना !!!

मितिः २०७९/०७/१५

**विषयः इन्टर्नसिप सञ्चालनका लागि आशयपत्र पेश गर्ने म्याद थप गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा वन विज्ञानमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूको इन्टर्नशिपको व्यवस्था गराउने कार्यविधि निर्नेशिका २०७६ को दफा ५ को उपदफा २ अनुसार नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय/अध्ययन संस्थान/कलेजमा वन विज्ञान विषयमा स्नातक तहको अन्तिम वर्षमा अध्ययनरत रहेका विश्वविद्यालयहरूबाट आशयपत्र माग गर्ने व्यवस्था भएको र इन्टर्नशिप सञ्चालन सहजिकरण समितिको मिति २०७९/०६/०९ गतेको बैठकबाट नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय/अध्ययन संस्थान/कलेजमा वन विज्ञान विषयमा स्नातक तहको अन्तिम वर्षमा अध्ययनरत रहेका विश्वविद्यालयहरूबाट आशयपत्र माग गर्ने निर्णय भएकाले वन विज्ञानमा स्नातक तह अध्ययन गराउने विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरूले यो सूचना प्रकाशित भएको मितिबाट २०७९/०७/१४ गते भित्र वन विज्ञानमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूको इन्टर्नशिपको व्यवस्था गराउने कार्यविधि निर्नेशिका २०७६ को अनुसूचि १ अनुसारको आशयपत्र पेश गर्न हुन मिति २०७९/०६/०९ गते सूचना प्रकाशित गरिएकोमा सो समयमा दशै तिहार लगायतको लामो बिदा परेकाले कजेलहरू बन्द भएकाले समयमा नै आशयपत्र पेश गर्न नसिकएकोले आशयपत्र पेश गर्ने म्याद थप गरिदिनहुन भनि विश्वविद्यालयहरूका तर्फबाट अनुरोध भई आएकाले यस केन्द्रको मिति २०७९/०७/१५ गतेको निर्णयानुसार आशयपत्र पेश गर्नकालागि मिति २०७९/०७/१४ बाट १५ दिनको म्याद थप गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।